# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र


**खण्डः९** **संख्याः ४** **प्रमाणिकरण मितिः २०८३/०१/०३**


**भाग २**

## जीतपुरसिमरा उपमहानगरपालिका

## साना तथा निजी सवारी साधन पार्किङ व्यवस्थापन कार्यविधि, २०८३

**प्रस्तावनाः**

जीतपुरसिमरा उपमहानगरपालिका अन्तर्गतका मुख्य शहरी क्षेत्रमा निजी सवारी साधनहरूको पार्किङलाई व्यवस्थित गरी सडकका फुटपाथमा सहजपूर्ण एवं सुरक्षित रूपमा हिँडडुल गर्न तथा बजार व्यवस्थापन गरी अव्यवस्थित सवारी साधन पार्किङको कारण हुनसक्ने सम्भावित दुर्घटनालाई न्यूनीकरण गर्ने उद्देश्यले साना तथा निजी सवारी साधन पार्किङलाई थप व्यवस्थापन तथा नियमन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२, जीतपुरसिमरा उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ र केही कानून तर्जुमा र व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी जीतपुरसिमरा उपमहानगरपालिकाको नगर कार्यपालिकाद्वारा यो कार्यविधि जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम “साना तथा निजी सवारी साधन पार्किङ व्यवस्थापन कार्यविधि, २०८३” रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(१) “साना तथा निजी सवारी पार्किङ स्थल" भन्नाले उपमहानगरपालिकाले सवारी साधन पार्किङका लागि नियमानुसार तोकिएको स्थान वा कुनै व्यक्ति वा संस्थाले आफ्नो स्वामित्वमा रहेको जग्गा वा कुनै पनि व्यक्ति


जीतपुरसिमरा उपमहानगरपालिका

वा संस्थाको नाममा रहेको जग्गा भाडा वा लिजमा लिएर सवारी साधन पार्किङ स्थल सञ्चालन गर्न भनी तोकिएको स्थानलाई बुझ्नु पर्नेछ ।

(२) यो कार्यविधि जीतपुरसिमरा उपमहानगरपालिकाले तोकेको स्थानमा लागू हुनेछ ।

(३) "नगरपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकालाई सम्झनु पर्दछ ।

(४) "प्रमुख" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(५) "उप-प्रमुख" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्दछ ।

(६) "नगरपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकालाई सम्झनु पर्दछ ।

(७) "सेवाग्राहीलाई सेवा दिने हिसावले पार्किङ गराइएको स्थान" भन्नाले सेवाप्रदायक विभिन्न सरकारी तथा व्यवसायिक संस्थाहरूले आफ्ना सेवाग्राहीहरूलाई उपलब्ध गराएको पार्किङ स्थल सम्झनु पर्नेछ, जुन निःशुल्क रुपमा उपलब्ध गराउनु पर्नेछ । जस्तैः अस्पताल, शैक्षिक संस्थाहरू, चलचित्र भवन, वित्तीय संस्थाहरू, सपिङ्ग मल, व्यापारिक प्रतिष्ठानहरू, उद्योग तथा औद्योगिक प्रतिष्ठान, सरकारी तथा गैह्रसरकारी संस्थाहरू आदि ।

### ३. पार्किङ स्थल व्यवस्थापन तथा नियमन समिति

(१) पार्किङ स्थल संचालन व्यवस्थापन तथा नियमनका लागि तपसिल वमोजिमको समिति रहनेछ ।

क. उप प्रमुख – संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत – सदस्य

ग. सम्बन्धित वडाका अध्यक्ष – सदस्य

घ. नगर प्रमुखबाट मनोनित एक जना कार्यपालिका सदस्य — सदस्य

ङ. राजस्व प्रशासन शाखा प्रमुख - सदस्य

च. नगर प्रहरी प्रमुख — सदस्य

छ. नगरपालिकाको वातावरण तथा विपद् व्यवस्थापन शाखाको प्रमुख - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार अन्य संस्था वा व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

### ४. पार्किङ स्थल, शुल्क तथा जरिवाना

(१) उपमहानगरपालिकाले नगर क्षेत्रको सवारी आवगमनमा सडकमा सवारी साधन पार्किङ गरी राख्दा सवारी आवगमनमा अवरोध हुने, सडकमा पार्किङको कारण हुन सक्ने दुर्घटनालाई न्युनीकरण गर्न, राजमार्ग, सहायक सडक तथा उपमहानगरपालिकाले तोकेका अन्य सडकहरूमा पार्किङ निरूत्साहित गर्ने नीति अबलम्वन गरिने छ ।

(२) उपमहानगरपालिकाले सरोकारवालाहरू, सुरक्षा निकाय तथा ट्राफिक प्रहरीसँगको समन्वयमा पार्किङ निषेधित सडक, सशुल्क पार्किङ क्षेत्र, एकतर्फी पार्किङ व्यवस्था, एकतर्फी सडक (वन वे) गर्न सक्नेछ ।

(३) पार्किङ स्थानमा लाग्ने पार्किङ शुल्क उपमहानगरपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

(४) यस कार्यविधि बमोजिम उपमहानगरपालिकाले तोकेको क्षेत्रमा व्यवसायिक रूपमा सवारी साधन पार्किङ व्यवस्थापनका लागि संस्था वा व्यक्तिले प्रस्ताव पेश गर्न सक्नेछ र पेश हुन आएको प्रस्ताव उपर पार्किङ स्थल व्यवस्थापन तथा नियमन समितिको सिफारिसमा उपमहानगरपालिकाले निर्णय गरेबमोजिम हुनेछ ।

(५) पार्किङ निषेध गरिएका स्थानमा पार्किङ गरेमा कानून बमोजिम जरिवाना लाग्नेछ । जरिवाना रकम संकलन कार्य उपमहानगरपालिकाबाट खटाएका कर्मचारीले गर्नेछन् ।

**५. स-शुल्क निजी सवारी पार्किङ स्थल संचालनका लागि आवश्यक शर्तहरू**

(१) कुनै व्यक्ति वा संस्थाले सवारी पार्किङ स्थल संचालन गर्न चाहेको स्थान न्युनतम एक वर्षका लागि उपलब्ध गराउनु पर्नेछ । म्याद समाप्त हुनुपूर्व पार्किङ स्थल व्यवस्थापन तथा नियमन समितिको सिफारिसमा नविकरण गर्नुपर्ने छ ।

(२) उपमहानगरपालिकाले सडक पार्किङ निषेध गरेको क्षेत्रबाट सवारी पार्किङ स्थल संचालन भएको स्थानसम्म जाने र पार्किङ क्षेत्रमा प्रवेश गर्ने नाकाहरूको बारेमा सूचना पाटी राख्ने कार्य पार्किङ संचालकको हुनेछ ।

(३) पार्किङको लागि अत्यावश्यक क्षेत्रको स्थानमा ढल निकास, बाटो निर्माण जस्ता कार्य उपमहानगरपालिकाले गर्न सक्नेछ । तथा बिजुली बत्ति जडान तथा स-साना व्यवस्थापकीय नभएको अवस्थामा पार्किङ संचालन/व्यवस्थापन गर्ने व्यक्ति वा संस्थाले गर्नेछ ।

(४) पार्किङ व्यवस्थापन गर्ने व्यक्ति वा संस्थाले नियमानुसार उपमहानगरपालिकामा व्यवसाय दर्ता गरी व्यवसाय संचालन गर्नुपर्नेछ ।

(५) पार्किङ शुल्कको दर (घण्टा/दैनिक/मासिक/दिवा/रात्रीकालीन) सार्वजनिकरण गर्नु पर्नेछ ।

(६) पार्किङ स्थानको बनावटको विवरण उपमहानगरपालिकामा उपलब्ध गराउनु पर्नेछ ।

(७) सवारी साधन पार्किङ स्थल निर्माण तथा तथा व्यवस्थापनको जिम्मा संचालक स्वयंको हुनेछ ।

(८) पार्किङ स्थलमा शौचालयको व्यवस्था अनिवार्य रुपमा गर्नुपर्नेछ ।

(९) सवारी साधन सुरक्षाका लागि पार्किङ स्थलमा सीसीटीभी तथा जनशक्ति आदिको व्यवस्था मिलाउनु पर्नेछ।

(१०) न्युनतम चारपाङ्ग्रे सवारी साधन (कार, जिप, भ्यान) दश वटा र दुईपाङ्ग्रे (मोटर-साईकल, स्कुटर जस्ता साधन) तीस वटा अट्ने स्थान हुनुपर्नेछ ।

(११) विद्युतीय सवारी साधनको लागि चार्जिङ स्टेशन स्थापनाको लागि उपमहानगरपालिकामा दर्ता गरी सोको शुल्क निर्धारण उपमहानगरपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ ।

(१२) सम्बन्धित वडा कार्यालय तथा ट्राफिक प्रहरी समेतको समन्वय र सरोकारवाला पक्षहरुसँगको सहकार्यमा आवश्यक्ता परेको स्थानमा सडकको एकातर्फ निःशुल्क पार्किङ व्यवस्था मिलाउन सकिने छ ।

**६. सवारी साधन पार्किङ शुल्कको दररेट**

(१) सवारी साधनहरूको पार्किङ शुल्क जीतपुरसिमरा उपमहानगरपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ ।

(२) अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने सवारी साधनहरू, एम्बुलेन्स र सव-वाहनलाई पार्किङ शुल्क लाग्ने छैन ।

(३) लिफ्ट वा आधुनिक प्रविधि प्रयोगगरी एकै स्थानमा धेरै सवारी साधन पार्किङ गर्ने गरी सञ्चालन गरिने व्यवसायलाई व्यवसायमा लाग्ने व्यवसाय करमा उपमहानगरपालिकाले प्रोत्साहन स्वरूप छुट प्रदान गर्न सक्ने छ ।

जीतपुरसिमरा उपमहानगरपालिका

७. यस कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरू निजी दुई पाङ्ग्रे र चार पाङ्ग्रे हलुका सवारी साधनको हकमा मात्र लागु हुनेछ। कुनै ब्यक्ति वा संस्थाले इजाजत लिई पार्किङ्ग व्यावसाय सञ्चालन गर्दा यो कार्यविधि आकर्षित हुनेछ।

८.जीतपुरसिमरा उपमहानगरपालिकाले कुनै व्यक्ति वा संघ संस्थासंग पार्किङ प्रयोजनका लागी जग्गा खरिद गर्दा वा लिजमा लिदा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को परिधि भित्र रहेर गर्नु पर्नेछ।

९.यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा व्यवधान उत्पन्न भएमा सोको अन्तिम निर्णय गर्ने अधिकार जीतपुरसिमरा उपमहानगरपालिकामा निहीत रहने छ ।

१०. यस कार्यविधिमा उल्लेखित विषयहरु यसै बमोजिम र यसमा उल्लेख नभएका बिषयवस्तुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

जीतपुरसिमरा उपमहानगरपालिका

आज्ञाले
डमरु प्रसाद निरौला
प्रमुख प्रशासकिय अधिकृत